लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लेकम ४ सतामाटा, दार्चुला

visit Nepal

प.स.२०७७-०७८
च.न.

Email:lekam.rmun@gmail.com
Web:www.lekammun.gov.np


## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७७।०४।२०)

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प. स. २०७७।०७८ च. न. २३ (PMEP.23) को मिति २०७७।०४।१२ को पत्रानुसार यस लेकम गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राबिधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निबेदन दिनुहुन अनुरोध छ।

| क्र. सं. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/०७८ | प्राबिधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क) सिभिल इन्जिनियरिङमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान सुपरीक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारिस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

ग.) उमेरः- कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**२. दरखास्त दिने स्थानः**- लेकम गाउँकार्यपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मितिः**-२०७७ भाद्र ०२ **४. आवेदन दस्तुरः**- रु ३०० (तिन सय मात्र)

**५. छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरूः**- आबेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरूः-

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधाः**- गाउँपालिका तथा नगरपालिकामा प्राबिधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः**- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुनेछ ।

**नोटः**- आबेदनको ढाँचा र प्राबिधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

कृष्णचन्द बहु
नि. प्रमुख प्रशासकीय अधिकृत